Jana Aakash
National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- ११, २०८० साल असोज १६ गते मंगलबार (Oct 3, 2023) www.janaakash.com.np

हार्दिक मंगलमय शुभकामना

नेपाल सम्वत् ११४३ र छठ पर्व २०८० को अवसरमा सम्पूर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजु भाइ तथा दिदी बहिनीहरु, ग्राहक वर्ग, विज्ञापनदाता, शुभेच्छुकलगायतमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनआकाश साप्ताहिक परिवार
Email: jana.news2065@gmail.com

# बागमति प्रदेशको अध्यक्षमा कैलास ढुङ्गेल निर्वाचित, कस्ले कति मत ल्याए



काठमाडौं- नेकपा एमाले वागमती प्रदेश कमिटीको अध्यक्षमा कैलाश ढुंगेल निर्वाचित भएका छन् ।

शुक्रबार राति सम्पन्न मतगणनाको अन्तिम परिणाम अनुसार ६९६ मत प्राप्त गरी ढुंगेल पहिलो अधिवेशनका निर्वाचित अध्यक्ष बनेका हुन् । रामेछापको पकारवासमा जन्मेका डुङ्गेल नेकपा ( एमाले ) का केन्द्रीय सदस्य समेत हुन। भने प्रदेश सरकारका पूर्व अर्थमन्त्री समेत हुन् ।२०७९ सालको प्रतिनिधि सभा सदस्यका उम्मेदवार ढुङ्गेल नेपाली काङ्ग्रेसका उम्मेदवार कान्छाराम ठेकदारसङ पराजित भएका थिय। तिनै ढुङ्गेलले बागमतीको बागडोर समाल्ने अवसर पाएकाछन । उनले निकटम प्रतिस्पर्धी दाहालाइ २५७ मतको भारि अन्तरले पराजित गरेका हुन पराजित हुने दाहालले प्राप्त गरेको मत ४३९ रहेको छ ।

उपाध्यक्षमा दावादोर्जे लामा विजयी भए । लामाले ६१५ मत प्राप्त गरेर विजयी हाशिल गरेका हुन।

त्यसैगरी सचिवमा नवराज सिलवाल विजयी भएका छन् ।सचिवमा नवराज सिलवाल एक मतले विजयी भएका हुन । सिलवालले ५६८ मत प्राप्त गर्दा हस्त पण्डितले ५६७ मत प्राप्त गरे ।

यस्तै उपसचिवमा प्रेम कुमार महर्जन ५९९ मत ल्याइ विजयि भएका हुन । उनको प्रतिस्पर्धामा भक्त कुमारी लामाले ५३६ मत ल्याएकि छन् ।

राजनीतिक ईतिहाँस र वर्तमानको टिप्पणी

# देश निर्माता र तानाशाह को को हुन् ?

**मोहन कार्की**



**काठमाडौं–** नेपालमा तानाशाह व्यवस्था चाहिदैन भन्दै नारा लगाएर सत्तामा पुगेका नेपाली काँग्रेस जसलाई प्रजातान्त्रिक समाजवाद मान्ने पार्टी भन्ने गरिएको छ । अर्को त्यस्तै समाजवादी व्यवस्थाका हिमायती हु भनेर नारा लगाउने कम्युनिष्ट नामका पार्टीहरु पनि सत्तामा आलोपालो गरी पुगेकाछन् । जस्तै नेकपा (एमाले) नेकपा (माले) नेकपा माओवादी, जनमोर्चा नेपाल,मजदुर किशान पार्टी, सरकारमा कुनै न कुनै वेला मन्त्री समेत खान भ्याएका पार्टीहरु हुन् । त्यस्तै मध्यमार्गी भनेर चिनिने राप्रपा पार्टी जसलाई प्रजातान्त्रिकधारको पार्टी भनेर चिनाउने गरिएको छ । यो पार्टीले पनि सरकारमा मन्त्री मात्र होइन बहुदलीय व्यवस्था स्थापना पछि सवैभन्दा धेरै पटक प्रधानमन्त्री पाउने पार्टी पनि भएको थियो ।

त्यसैगरी तराईको रौतहटमा पाहाडी र मधेशीको जातिय रक्तपात गराएर उदय भएको अर्को जनअधिकार फोरम त्यसपछि के के नाम थप्दै हाल जनता समाजवादी पार्टी नामको समाजवादी व्यवस्था मान्ने पार्टी पनि सरकारमा छ । त्यसैगरी अर्को समाजवादी व्यवस्था मान्ने पार्टी एकीकृत समाजवादी पार्टी माधव कुमार नेपाल समुह पनि सरकारमा छ । जुन पार्टीलाइ वैधता दिन निर्वाचन कार्यलयले केही दिनको लागि नियमावली नै परिवर्तन गरेर स्थापना गराएको थियो ।

माथि उल्लेखित पार्टीहरुले जाहानियाँ राणा शासनको विरुद्धमा लडेको शाहबंशीय तानाशाहको विरुद्धमा लडेकोमा गर्व गर्ने गरेको उनिहरुका भाषाण, लेख, कविता, गजल सवै सवै न्वारन देखि केही जानेकाछन् भने राजतन्त्र, राणा शासन व्यवस्थालाई तानाशाही व्यवस्था भनेर गालीको ओइरो लगाउन जानेकाछन् । उनिहरुका दस्तावेज, भाषणमा त्यही लेखेकाछन् । जसमा मध्यमार्गी पार्टी भनिएको राप्रपाले समेत राजतन्त्रलाई काँधमा बोकेको देखियता पनि राणा तथा शाहबंशीय व्यवस्थालाई उसले पनि तानाशाह नै भनेको छ ।

तानाशाह केलाई भनिन्छ त ? नेपाली शव्दकोषमा यसको अर्थ अधिनायकवाद अर्थात एकलौटी शासन व्यावस्था भनिएको छ । अर्को तानाशाही भनेको फासिज्म अर्थात एकलौटी कुर शासन व्यवस्था भनिएको छ ।

याहीनिर हामीले फरक छुट्याउनुपर्ने कुरा चाहिं के हो भने,

» बाकी ६ पृष्ठमा

# नेपाल एलपी ग्यास उद्योग संघमा शिव प्रसाद घिमिरे सहित सवै सर्वसहमत



**काठमाडौं–** नेपाल एलपी ग्यास उद्योग संघको २८ औ साधरणसभा तथा ११ औ अधिवेशनमा शिव प्रसाद घिमिरे अध्यक्षमा सर्वसहमत भएकाछन् । हिजो उदघाटन शत्र भएको थियो भने बन्द शत्र पनि सोही दिन नै भएको थियो ।

हिजो नै सर्वसहमति गर्ने बतए पनि पदीय जिम्मेवारीमा सर्वसहमत हुन नसक्दा आजसम्म कुर्नुपरेको थियो अधिवेशनले शिव प्रसाद घिमिरेको नेतृत्वमा कार्य समिति चयन गरेको छ । नयाँ कार्यसमितिको नामवली यस प्रकार छ ।

**अध्यक्षः** शिव प्रसाद घिमिरे, **निवर्तमान अध्यक्षः** कुश प्रसाद मल्ली, **वरिष्ठ उपाध्यक्षः** कृष्णभक्त श्रेष्ठ, **उपाध्यक्षः** दिवान बहादुर चन्द, **उपाध्यक्षः**सुरेन्द्रराज पौडेल, महासचिव जित बहादुर कार्की, **कोषाध्यक्षः** आशिष जजोदिया, **सचिवः** अमित अग्रवाल, **सदस्यहरुमाः** सुनिल सिन्हा, लोक हर्ष शाक्य,आदित्य पराजुली,आयुष नेपाल, योगेश पौडेल, युवक राजभण्डारी, बुद्धि डल्लाकोटी,मनिस कुमार जोशी, निर्मल कुमार खत्री क्षेत्री चयन भएकाछन् । अवेरसम्म चलेको छलफलले शिव प्रसाद घिमिरेलाई नेतृत्व लिन र पदाधिकारी चयन गर्न संघले जिम्मेवारी तोकेको थियो सोही बमोजिम घिमिरेले नयाँ कार्यसमिति बनाई पुर्णत दिएकाहुन्

# चीनबाट पोखरा विमानस्थलमा हवाई उडान गर्नेबारे छलफल सकारात्मक छ : प्रधानमन्त्री दाहाल

**काठमाडौँ –** प्रधानमन्त्री पुष्पकमल दाहालले पोखरा अन्तर ाष्ट्रिय विमानस्थलमा चीनबाट सोझै हवाई उडान गर्ने र दुई देशको हवाई उडानबीच सहकार्य गर्न प्रोत्साहन गर्नेबारेमा सकारात्मक छलफल भएको बताएका छन् ।

शनिबार अमेरिका र चीन भ्रमणपछि स्वदेश फर्किएसँगै विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री दाहालले चीनसँगको व्यापार, लगानी, अन्तरदेशीय यातायात सञ्जाल र आर्थिक सामाजिक साझेदारी वृद्धि गर्दै लैजाने बारेमा छलफल भएको बताएका हुन् । उनले दुई देशबीच भएको समझदारीहरू र अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्तमा आधारित भइ अघि बढाउने सहमति भएको पनि जानकारी दिए ।



EUROPE BUSINESS ASSEMBLY
"BEST ENTERPRISE AWARD 2016"
LONDON, UNITED KINGDOM

"THE BIZZ 2016"
BUSINESS EXCELLENCE AWARD
WASHINGTON DC, USA

THE GOLDEN EUROPE AWARD FOR
QUALITY AND COMMERCIAL PRESTIGE
FRANCE

१७ औं वर्षमा प्रवेश

१७ औं वर्षमा प्रवेश

Ever Permeating and Pervading to New Scale of Height of Prosperity

हामी स्थापनाको १६औं वर्ष पूरा गरी १७औं वर्षमा प्रवेश गरेकाछौं । यस सुखद् अवसरमा बैंक परिवार यहाँहरूको सेवामा समर्पित रही बैंकिङ सेवा/सुविधाहरू थप गुणस्तरीय र अझ परिष्कृत गर्दै लैजाने प्रतिबद्धता जाहेर गर्न चाहन्छौं ।

साथै

जस्तोसुकै अवस्थामा पनि बैंकको प्रगति र दिगो उपलब्धिमा सधैं सद्भाव, सहयोग र सदाशयता राख्ने सम्पूर्ण आदरणीय ग्राहकवर्ग, संघ संस्थाहरू, नियामक निकाय, सञ्चारकर्मी, कर्मचारी लगायत शुभेच्छुकहरूमा हार्दिक आभार प्रकट गर्दछौं ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१६, अंक- ११, २०८० साल असोज १६ गते मंगलबार (Oct 3, 2023)

**...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की**

## सम्पादकीय – – – – –

### प्रधानमन्त्रीको विदेश भ्रमण सकरात्मक रूपमा लिनुपर्छ ।

नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) भरखरै संयुक्त राष्ट्रसंघको महासभा तथा चीनको भ्रमण सकेर देश फर्केकाछन् । यस्ता अन्तराष्ट्रिय भ्रमणलाई नेपालले सकारात्मक रुपमा लिनुपर्छ र नेपाली सवै मिलेर नेपालको प्रतिष्ठा बढाउने काम के के गर्न सकिन्छ । ति ति काम नेपालीहरुले गर्नुपर्छ । जस्तै अन्तराष्ट्रिय भ्रमणमा देशको कार्यकारी प्रमुख जाँदा त्यस देशले हाम्रो देशको जानकारी थाहा पाउने सञ्चार माध्यमवाट नै हो । ति सञ्चार माध्यमहरुले नेपालका सञ्चार क्षेत्रमा आएका समाचारहरु पढेर त्यसैलाई आधार बनाई समाचार बनाउने गर्छन र त्यो समाचार त्यस देशका सवै नागरिकले पढेर सुनेर थाहा पाउछन् अनि धारणा बनाउछन् । संसारको सञ्चार अभ्यास नै त्यही नै हो ।

तर नेपालका सञ्चार माध्यमहरुको विगत देखिको अभ्यास कस्तो छ भने राजनीतिक पार्टी पिच्छेका आस्था राख्ने सञ्चार संस्थाहरुले अर्को पार्टी सरकारको नेतृत्व विदेश भ्रमणमा जाँदा सधै आक्षेप लगाउने आकाश नै खस्यो जसरी भ्रामक समाचार प्रवाह गर्ने जस्ता कार्य हुदै आएकाछन् । यो गलत प्रबृति हो । अन्य साधारण समयमा जे जे विवाद गरेर वसेपनि हुन्छ । तर देशको प्रतिनिधित्व गरेर विदेशमा प्रतिनिधित्व भएको वेला नेपाल र नेपालीको राम्रो पक्षहरु अरुले थाहा पाए भने पो नेपाल र नेपालीको शिर ठाडो हुन्छ र गर्वले गद्गद् हुन सकिन्छ । नेपालका प्रधानमन्त्रीको भ्रमणमा त्यस्तो भएन । नेपालका सञ्चार माध्यम देखि सामाजिक सञ्जाल, राजनीतिक पार्टी, विज्ञ भन्नेहरुले समेत प्रधानमन्त्रीको भ्रमणको बिषयमा तितो पोखे प्रचार त्यही अनुसारले गरे यो गर्नु नेपाल देशको गलत प्रचार गर्नु हो भन्ने ज्ञान ति मानिसहरुमा नभएको हुनाले नै त्यस्तो गरेका होलान् ।

नेपाल आफैमा यतिवेला आर्थिक संकटमा छ । देशको आर्थिक सूचकहरु नकरात्मक तिर अग्रसरछन् । यतिवेला देशलाई अन्तराष्ट्रियस्तरमा सकरात्मक सन्देश दिंदै नेपालीहरु इमानदार छन् । अर्थिक संकट छ । यसको लागि विगतमा कमजोरी भएका पक्षहरु सुधार गरेर नेपाललाई आत्मनिर्भर राष्ट्र र विकासको गतिमा लैजान अन्तराष्ट्रिय विकसीत राष्ट्रहरुसँग आग्रह गर्ने नेपालको स्वाभिमानमा आँच नआउनेगरी आर्थिक, प्राविधिक, सहयोगहरु लिने जस्ता काम गर्न योजनाबद्ध अन्तराष्ट्रियस्तरमा देशको प्रतिनिधित्व गर्ने प्रधानमन्त्री लगायतको भ्रमण टोलीमा रहेका नेपाल सरकारका सचिवहरु, कर्मचारीहरुले तयारीका साथ नै गएका हुन्छन् । कुनै कुनै भ्रमणमा त्यस्ता योजना नबनाई जाँदा र देशमा अविश्वास भएको खण्डमा देश भित्रकै कुप्रचारहरुले देशको पक्षमा हुन लागेका कार्यक्रम समेत प्रभावित हुन्छन् । त्यसकारण यस्ता दिर्धकालीन महत्वपूर्ण भ्रमणको वेला आम सञ्चार, देशका जिम्मेवार नागरिक, राजनीतिक दल त्यसमा आस्थावान मुखपत्र सञ्चार माध्यमहरु संयमित भई काम गर्नुपर्छ । देशको प्रतिनिधित्व गरेर अन्तर्राष्ट्रियस्तरमा भ्रमणमा रहेका टोलीहरुलाई हौशला देशको राम्रो पक्षहरुको अद्यावधि गरेर प्रोत्साहन गरेर देशको प्रतिष्ठा बढाउने काम गर्नुपर्छ । त्यस्तो यो पटक नेपालका सञ्चारमाध्यम, समाजिक सञ्जाल, जिम्मेवार नागरिक, राजनीतिक पार्टीहरुको प्रतिबद्धता देखिएन उल्टै कल्पना नगरिएका शब्दहरुले भ्रमण दलका टोलीहरुको विरुद्धमा शव्दहरु उठान भएको पाइयो । त्यसकारण आम सञ्चार माधयममा कार्यरत सञ्चारकर्मीहरुले यो घटना पछि आउँदा दिनमा जो जुनसुकै पार्टीको नेतृत्वको सरकारभए पनि । त्यो सरकार पार्टीको होइन देशको हो । विदेश जाँदा नेपालको प्रतिनिधित्व गरेर जाने हो । त्यसैले देशको प्रतिष्ठा नै सवैभन्दा महत्वपूर्ण विषय हो । आन्तारिक समस्या त जहिले मिलाए पनि हुन्छ । अन्तराष्ट्रिय सम्बन्ध सुधार सम्झौता विकास जस्ता कुराहरुमा जहिले पनि गर्न सकिंदैन । त्यसकारण आम सञ्चारको यस्तो बेलामा महत्वपूर्ण भुमिका रहने हुनाले बढी जिम्मेवार हुनुपर्छ । आउँदा दिनमा देशको प्रतिनिधित्व विदेश भ्रमणमा हुँदा देशका सञ्चार माध्यम सकारात्मक होउन ।

# संविधान संशोधन आवश्यक



रामनारायण देव

नेपालको संविधान २०७२ असोज ३ गते राष्ट्रपति डा. रामवरण यादवद्वारा जारी भएको हो । संविधान सभाको बहुमतबाट जारी भए पनि यसले तराई-मधेस, जनजातिलगायतको भावनालाई सम्बोधन गर्न सकेनन्। संविधान सभामा उपस्थित मधेसकेन्द्रित दलले विरोध गर्दागर्दै पनि मस्यौदा तयार गरी जनसमक्ष ल्याइयो । मस्यौदामा व्यापक संशोधनको आवश्यकताबारे मधेसकेन्द्रित दलहरूले दबाब सिर्जना गरे । तर पनि नश्लीय दलहरूले वास्ता गरेनन्। तिनीहरू संविधान चाँडै निर्माण गर्ने पक्षमा थिए । पहिलो संविधान सभाबाट पाँच वर्षसम्म संविधान बनाउन नसकी विघटन गरे । पुन: २०७० सालमा संविधान सभाको चुनाव गरी संविधान-निर्माणतर्फ लागे ।

संयोगवस २०७२ वैशाखमा ठूलो भूकम्प, गइ धनजनको क्षति हुन पुग्यो । यसले शीर्ष नेताहरूमा हलचल ल्यायो र संविधान निर्माणतिर लागे । खासगरी नेपाली कांग्रेस सभापति सुशील कोइराला, एमाले अध्यक्ष केपी शर्मा ओली, माओवादी अध्यक्ष पुष्पकमल दाहाल, मधेसी जनअधिकार फोरम (प्रजातान्त्रिक) का सभापति विजयकुमार गच्छदारहरू निकै ताते । कांग्रेस तत्कालीन सभापति तथा प्रधानमन्त्री सुशील कोइरालाको बालुवाटार निवासमा यी पार्टीका शीर्षस्थ नेताहरूको बैठक सघनरूपमा हुन थाल्यो ।

संविधानसभाका विभिन्न समिति र उपसमितिमा संविधान मस्यौदा विषयमा व्यापक छलफल हुन थाल्यो । जसरी भए पनि 'फास्ट ट्र्याक'मा संविधान निर्माण गर्नु थियो । २०६४ को पहिलो संविधानसभादेखि २०७२ वैशाखसम्म सरकार, सभासद् र पार्टी नेतृत्वहरू निर्धक्क भइ बसिराखेका थिए । जब भूकम्पले नेपालको धर्ती चलायमान हुन थाल्यो तब नेताहरू पनि चलायमान भइ संविधान निर्माणतर्फ ध्यान दिन थाले । संघीयताको सीमांकन र नामांकन विषयमा ज्यादै नै खिचातानी भयो । पटक-पटक आयोग बने तर निष्कर्षमा पुगेन । कतिले ११ वटा प्रदेश, कतिले १० त कतिले सात प्रदेशको सीमांकन गरे ।

जातीय, क्षेत्रीय तथा भौगोलिक सन्तुलन मिलाउन बारम्बार छलफल र विचार-विमर्श भए । तर कुनै प्रतिफल निस्केन । अन्त्यमा बिनानामांकन सात वटा प्रदेशको क्रमश: एकदेखि सातसम्म आवश्यकताअनुसार संशोधनको मस्यौदा बाहिर ल्यायो । यसमा सल्लाह र सुझाव मागियो । यसअघि संविधानमा के-कस्तो प्रावधान राख्ने र धर्म निरपेक्षता, धर्मसापेक्षता प्रदेशको नामांकन, सीमांकन समावेशिता समानुपातिक जस्ता विषय पनि थिए । जनतासमक्ष पठाइएका प्रश्नावलीको जवाफ पठाउने म्याद थोरै दिइएको थियो । कतिले हिन्दु राष्ट्र, संवैधानिक राजतन्त्र र मधेसी जनजाति र दलितहरूका माथिल्ला निकायहरूमा पहुँच र समावेशिताको कुरा संविधानमा नै किटानी हुनुपर्छ भनी माग गरिएका थिए । यसरी तल जनस्तरबाट आएका सुझाव लागु गरिएन । सिर्फ औपचारिकतामा मात्र सीमित भए । नेताहरूले आफूखुसी केही कानुनविद् सभासद्हरूको सहयोगमा संविधानका मस्यौदा तयार गरेका थिए । आमजनसमुदायबाट आएका सुझावलाई वास्ता गरिएन ।

खासगरी मधेसकेन्द्रित दलहरूका मागलाई समेटिएन । मधेसकेन्द्रित दलहरूले संविधानसभाबाट प्रेषित मस्यौदाप्रति असन्तुष्टि जनाउँदै सदन नै बहिष्कार गरे । तिनीहरूले सडक आन्दोलनलाई सक्रिय पारे । तराई मधेसका सबै जिल्लामा विरोधसभाहरू आयोजना गरे । हजारौं जनता काठमाडौंको सडकमा उत्रेर विरोध गरे तर पनि सरकारले सम्बोधन गरेनन्। त्यसपछि मधेसकेन्द्रित दलहरूले तराईका जिल्लाहरूमा सडक अवरोध गरी चक्का जाम गरे । त्यसले पनि केही नलागेपछि भारतीय प्रवेश मार्गमा नाकाबन्दी गरे ।

२०७२ असोज ३ गते राष्ट्रपति यादवले संविधान जारी भएको घोषणा गरेपछि भारत सरकार निकै असन्तुष्ट बनेको थियो । संविधान घोषणा हुनुभन्दा केही दिनअघि मात्र भारतले नेता करण सिंहलाई विशेष प्रतिनिधिका रूपमा पठाइ केही दिन रोक्न भनेका थिए । तर नेपाल सरकारले नमान्दा भारतको असन्तुष्टि बीच मधेसकेन्द्रित दलहरूलाई झन फाइदा हुन पुग्यो । भारतले पनि नाकाबन्दीमा सहयोग पुर्‍यायो । यसरी निरन्तर पाँच महिनासम्म भारतले नाकाबन्दी गरी नेपाली जनतालाई दु:ख दियो ।

मधेसकेन्द्रित दलहरूले संविधान घोषणा भएको दिनलाई 'कालो दिवस'का रूपमा मनाए । ब्लाक आउट गरी संविधान बहिष्कार गरे । पछि केही स्थानीय निकायहरूका चुनाव बहिष्कार गरे । पछि चुनावहरूमा भाग लिइ सत्तामा गई मन्त्रीसम्म भए । यसरी मधेसकेन्द्रित दलहरूका द्वैध व्यवहारले गर्दा मधेसका जनता आक्रोशित भएका छन् । मधेश आन्दोलनताका दर्जनौं युवाले शहादत दिएका थिए । तिनीहरूको शहादतमाथि सत्ताको राजनीति गरिएको आरोप मधेसका जनताले लगाएका छन् ।

२०७२ देखि २०८० सालसम्म मधेसकेन्द्रित दलहरूका नेता पटक-पटक सरकारमा गई मन्त्री बने तर संविधान संशोधन गराउन सकेनन्। मधेसकेन्द्रित दलहरूको सत्ता लोभ र अवसरवादी चरित्रले गर्दा संविधान संशोधन हुन सकेन भन्ने आरोप छ । त्यसैले अब तराई मधेसका जनताको भावना प्रतिविम्बित हुने गरी संविधान संशोधन गर्न आवश्यक छ । किनकि सबैले अपनत्व महसुस गर्न सके मात्र त्यो संविधान दिगो र टिकाउ हुनेछ । यसतर्फ सबै नेताको ध्यान जान जरुरी छ ।

# गलत कर्म, गाली, कलहले गर्दा नरमाइलो देश



रमेशकेशरी वैद्य

विकसित मुलुकहरुमा प्राय: भ्रष्टाचार हुँदैन । त्यस हिसाबले उनीहरुको मुलुक दिन दुगुणा रात चौगुणाको हिसाबले द्रुतगतिमा बिकास भइराखेको हुन्छ । तर यहाँ हाम्रो मुलुकका बुद्धिजीवीहरु तथा देश चलाउनेहरु उनीहरुबाट शिक्षा लिन चाहँदैनन् । यिनीहरुमा शिक्षाको कमी, भिजनको कमी, अहंता, खराब लहलहैमा हिंड्ने भएकै कारण हाम्रो मुलुक पछि परेको मान्न सकिन्छ । जब आफूमा देशलाई दौडाउने क्षमता छैन भने कसरी हुन्छ ? उसले साम, दाम, दण्ड, भेद गरेर पनि मुलुकलाई द्रुत विकासमा लैजानुपर्दछ । तर अफसोस ! अहंकार, स्वार्थ, कलह र कार्यकर्ता मोहले गर्दा नै अझै मुलुक डामाडोल भइराखेको छ । खालि भोट किनी जितेर जबरजस्ती मन्त्री, प्रधानमन्त्रीमात्र बन्ने रहर गरेर हुँदैन । जनतालाई खुशी बनाउने, देशलाई अघि बढाउने आफूमा शक्ति छैन भने कुर्सीको मात्र बदनाम हुन्छ । त्यो नेताले जिन्दगीभर समाजको गाली खाएर बस्नुपर्ने हुन्छ । फेरि के मजा आयो त अनेक तन्त्रहरु ल्याएर ? अहिलेको परिप्रेक्ष्यमा जनताका राय-सुझाव लिएर अघि बढ्नु नै नेताहरुको हित हुन सक्छ ।

**पहिला जग बलियो बनाउनुस् :**

सर्वप्रथम प्रधानमन्त्रीले संविधानमा संशोधन गर्नु जरुरी छ कि देश चलाउनेहरुको संख्यामा कमी गर्ने, कार्यकर्ता कमी गर्ने, भत्ता सहुलियत कमी गर्ने आदि कुराहरुमा ध्यान दिनु जरुरी छ । अहिले मुलुकमा विकासका लागि घाँडो नै यिनै कुराहरु हुन् । तर हरेक सरकारले यी कुराहरुलाई बेवास्ता गरिराखेका छन् । यी कुराहरु अहिले नसुध्रिए पनि पछि नयाँ राम्रा सरकारहरुले सुधार्नुपर्ने देखिन्छ । देश सधैँ पछि परिराख्नुको कारण यहाँका नेताहरु विदेशीहरुका कठपुतली भइराख्नु पनि एक हो । छिमेकी राष्ट्रले जतिसुकै हेपे पनि, नाकाबन्दी लगाए पनि, जग्गा मिचे पनि, जलस्रोतमा पेले पनि यस्ता कुरामा हाम्रा देश चलाउने नेताहरु पंगु तथा निकम्माजस्ता भएर बसेको देखिन्छ । यिनीहरुले देश गरिब भएकाले सहेर बसेका हुन् या आफ्नो स्वार्थसिद्धका लागि हो, यी कुराहरु भने बुझ्न गाह्रो छ ।

देशमा लोकतन्त्र, गणतन्त्र आएर पनि अनेक विकृतिको विकास भइराखेको छ । तर अचम्मको कुरा यो छ, प्राय: सब कुकर्महरु पचिनै राखेका छन् । यस्ता अनैतिक कार्यहरुका लागि अख्तियार, पुलिस प्रशासन, न्यायालय आदि पनि उत्तिकै लागिपरिराखेका छन् तर देश चलाउनेहरुको अगाडि केही लाग्दैन । यिनीहरु पनि बिक्न बाध्य हुन्छन् । यी सबका कारणले गर्दा नै राजनीतिक क्षेत्र एउटा जनताको नजरमा खराब नाटक मण्डली पो हो कि भन्ने आभास भइराखेको छ । अहिले देशको अवस्थालाई हेर्दा एउटा पुरानो हिन्दी सिनेमाको याद आउँछ । त्यो चलचित्रको नाम हो 'हम सब चोर है' ।

राजनीतिक अत्याचार, सर्वसाधारणका समस्या, कठिनताले गर्दा अहिले आएर केही राम्रा नेताहरु समाजको लागि कराउनेहरु पनि छन् । तर अहिले यस्ताको कम संख्या तथा आर्थिक कमजोरले गर्दा यिनीहरु उति दह्रो हुन सकिराखेका छैनन् । तर राम्रो दिन यिनीहरुको पनि पक्कै आउनेछ । यसका लागि राम्रा-राम्रा मगज भएका बुद्धिजीवीहरुले आउने चुनावको लागि अहिलेदेखि नै कसरत गरेर बस्नुपर्छ । अनिमात्र राम्रो राजनीतिक मिसन सफल हुन सक्छ ।

हाम्रो मुलुकमा सरकारी कर्मचारी, व्यापारीहरु पनि ठीक छैनन् । यिनीहरु पनि आ-आफ्नो ठाउँमा स्वार्थी तथा अवसरवादी हुन्छन् । हाम्रो मुलुक पछि पर्नुमा यिनीहरुको पनि निकै नै ठूलो हात छ, जुन भनिराख्नुपर्ने कुरा होइन । अहिले हाम्रो मुलुकमा द्रुत विकास नहुनुको एउटा कारण धेरै पुच्छर नभएका हनुमानहरु पनि हुन् । यिनीहरुको काम नै गलत राय-सुझाव दिने, आपसमा लड्ने, लडाउने र मुलुकलाई सुस्त गराइराख्ने हो । यस प्रकारका हुनमानहरुमा भीआईपी हुनुमान, मिडिया हुनमान, अल्छी हनुमान, गुण्डा हनुमान, झोले हनुमान, कवि हनुमान, खोले हनुमान आदि ने प्रमुख हुन् । यस प्रकारका हनुमानहरु पनि मुलुकका लागि हानिकारक हुन् । जसले गर्दा दम नभएका नेताहरुका लागि बलियो खम्बा बनेर यिनीहरुले काम गरिराखेका हुन्छन् । देश चलाउनेहरुले सेवा, सहुलियत, सुविधा र सस्तो जीवन जनतालाई दिन नसक्नुको एउटा कारण यो पनि हो । तर हाम्रो राम्रो दिन नआउन्जेल यिनीहरुलाई धेरै गाली पनि नगरौं । समयले मलहमको काम गर्नेछ ।

वास्तवमा भन्ने हो भने, देश चलाउनेहरुमा राम्रो भिजन नहुनु ने विडम्बना भएको छ । जस्तै- अधुरा राजमार्गको निर्माण खोइ ? तर सानो मुलुकमा रेलको विकास, धेरै फास्ट ट्र्याक, अन्तर्राष्ट्रिय एयरपोर्टहरुको विकास, स्मार्ट सिटीको विकासजस्ता कार्यहरुका लागि यिनीहरु आतुर भइराखेको देखिन्छ । यिनीहरुले यस्ता विकासमा ऱ्याल चुहाइराखेका हुन्छन् । व्यक्तिगत स्वार्थले गर्दा यस्ता विकासप्रति यिनीहरु निकै मोहित भइराखेका हुन्छन् । तर हामी भन्छौं, देशको जग बलियो बनाऊँ पहिला । यसबाहेक दाताबाट आउने रकम, रेमिट्यान्स, करबाट उठ्ने रकम आदिका लागि पनि यिनीहरुले सधैँ मुख आँ गरिराखेका हुन्छन् । फेरि यस्ता मनुष्यहरुबाट जनताले अपेक्षा गर्नु ?

अन्त्यमा एउटा कुरा पोख्न चाहन्छु, सधैँ एकपक्षलाई मात्र गाली गरेर मजा आउँदैन । केही न केही दोष सबै पक्षमा छ । तर पनि देशमा जबसम्म फटाहा नेताहरु हुन्छन्, अल्छी झोलेहरु धेरै हुन्छन्, यसबाहेक अल्लड मानिसहरु र ममचा बुद्धि भएका मानिसहरु धेरै हुन्छन्, त्यो मुलुक सुध्रन गाह्रो छ । जे होस्, मुलुक बदल्नका लागि सबैजना आ-आफ्ना ठाउँबाट बदलिनु आजको आवश्यकता हो । अन्यथा यो मुलुकमा सधैँ गाली, कलह, अभाव, द्वेष भइरह्यो भने यहाँ अशान्ति भइरहन्छ । यसले गर्दा मुलुक सधैँ नरमाइलो हुन्छ, जुन हामीले नै भोग्नुपर्छ ।

# हार्दिक श्रद्धाञ्जली



स्व. हेम कुमारी उपाध्याय
जन्म : १९९५/१०/१०
स्वर्गारोहण : २०८०/०६/०६

**न जायते मृयते वा कदाचित् नायं भूत्वा भविता न भूया :**
**अजो नित्य : शाश्वतोयं पुराणो न हन्यते हन्यमाने शरीरे ।**

**स्व. हेम कुमारी उपाध्याय**
**जन्म** : १९९५/१०/१०
**स्वर्गारोहण** : २०८०/०६/०६

हाम्रो ममतामयी माता हेम कुमारी उपाध्यायको ८५ वर्षको उमेरमा दुःखद निधनभयो। स्व.माता हेम कुमारी उपाध्यायको ११ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपुर्ण श्रदाञ्जली अर्पण गर्दछौ। यस दुखद घडीमा समवेदना प्रकट गर्नुहुने समस्त परिवार इष्टमित्र, आफन्त जन तथा शुभेच्छुकदारा माता प्रति श्रद्धाञ्जली र परिवार जन प्रति समवेना अर्पण गर्नु हुने सम्पूर्ण महानुभाव प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं।

**छोरा / बुहारी**
श्री दामोदर उपाध्याय / श्रीमती ललिता उपाध्याय
श्री माधव उपायाय / श्रीमती लक्ष्मी उपाध्याय
श्री अच्युत उपाध्याय / श्रीमती इन्दिरा उपाध्याय

**छोरी / ज्वाई**
श्रीमती अम्विका पौडेल
सुशिला ढुंगेल / डिल्ली राम ढुंगेल

**नाति / नातिनी बुहारी / नातिनी**
सविन उपाध्याय / स्वीकृती उपाध्याय
सरोज उपाध्याय
अशोक उपाध्याय
उषा उपाध्याय
आशिष उपाध्याय
उमेश उपाध्याय
विशेष पौडेल / रेखा पौडेल
विनिता पौडेल अधिकारी
सुनिल ढुंगेल / स्मृती ढुंगेल
सुधिर ढुंगेल
सुनिता ढुंगेल
एवंम समस्त उपाध्याय परिवार

# जावलाखेल जुत्ता चप्पल दशौं महोत्सव २०८० भब्य रुपमा सञ्चालनमा




**ललितपुर–** नेपाली जुत्ता चप्पल उत्पादक समुहद्वारा "**नेपाली उत्पादनको प्रवद्धन हाम्रो अभियान**" भन्ने मुख्य नारा सहित जावलाखेल जुत्ता चप्पल दशौं महोत्सव २०८० जावलाखेल फुटबल मैदानमा यहि १० गते उद्घाटन गरिएको छ। स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने उदेश्यले आयोजना गरिएको महोत्सवको बुधबार ललितपुर महानगरपालिकाको उपप्रमुख मन्दिरा शाक्यले उद्घाटन गरेकी हुन्। नेपाललाई आत्मनिर्भर बनाउनका लागि तथा स्बदेशी उद्योगको प्रवर्दन गर्नका लागि महानगरको साथ र सहयोग सदैव रहने उप-मेयरले भनाई राखेकी थिइन्। साथै नेपाली उत्पादनहरु प्रयोग गर्नका लागि पनि सबैलाई आग्रह गरेकी थिइन्।


यसैगरी उक्त उद्घाटन समारोहमा बोल्दै नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य तथा नेपाल जुत्ता चप्पल उत्पादन संघका अध्यक्ष नानिराज घिमिरेले नेपालमा जुत्ता चप्पल उत्पादन गर्ने उद्योगी व्यावसायीहरुको समुहद्वारा स्वदेशी ब्राण्डहरुलाई आम उपभोक्ताहरुको वीचमा पुऱ्याउने र आम उपभोक्ताहरुलाई स्वदेशी वस्तु नै प्रयोग गर्ने भावनाको विकास गराई स्वदेशी उत्पादन प्रयोगका निमित्त उपभोक्ताहरुको रुची जगाउने उद्देश्यका साथ देशका प्रमुख सहरहरुमा विभिन्न खालका मेला महोत्सवहरु आयोजना गर्दै आईरहेको जानकारी गराएका थिए।


जावलाखेल जुत्ता चप्पल दशौं महोत्सव आश्विन १० गतेदेखि कार्तिक ३ गतेसम्म सञ्चालन हुने पत्रकार सम्मेलनमा बताइएको थियो। विहान ९.०० वजे देखि वेलुकी ७.०० वजे सम्म खुल्ला रहने महोत्सवमा न्युनतम २० प्रतिशत देखि ५० प्रतिशत सम्म छुटको व्यवस्था गरिएको छ। महोत्सवमा नेपालका चर्चित जुत्ता चप्पल उत्पादक कम्पनी र ब्राण्डहरु रोयल शु इण्डष्ट्रिजको उत्पादन -रोयल शुज, वेश फुटवेयरको उत्पादन - वि.एफ डियर हिल र वि.एफ स्पोर्ट, लालिगुरास फुटवेयरको - क्रस रोड शुज, शुभकामना फुटवेयरको - फस्टवाक शुज, नमस्ते फुटवेयरको - सिल्स, आर.डि.कलेक्सनको - हाई लाईफ, केटिएम शुजको -केटिएम, डि.जे. शुज कम्पनीको - डि.जे. शुज, फुड फेशनको - वेली शुज, सर अनिल ट्रेड लिंक्सको- उत्सव र कोसेली छाला जुत्ता उद्योगको - कोसेली सुज गरि ११ वटा कम्पनी र ब्राण्डहरुको सहभागिता रहेको छ।

यस महोत्सवमा ग्राहकले नयाँ ब्रान्ड तथा डिजाइनका ३ हजार बढी मोडलका जुत्ता चप्पलहरु आकर्षक छुटका साथ शुपथ मुल्यमा खरिद गर्न सक्ने उल्लेख छ।

# रामेछाप डायरी

## जवरजस्ती करणी गरेको आरोपमा उमाकुण्डका दुई जना पक्राउ






रामेछापमा जवरजस्ती करणी गरेको आरोपमा दुई जना पक्राउ परेका छन्। जवरजस्ती करणीको छुट्टा-छुट्टै घटनामा संलग्न भएको आरोपमा एक बालक सहित दुई जना पक्राउ परेका हुन्।

पक्राउ पर्नेमा उमाकुण्ड गाउँपालिका-३ का ४७ वर्षीय दिल बहादुर कार्की र १५ वर्षीय एक बालक रहेका छन्। कार्की यही असोज ४ गते दिउँसो उमाकुण्ड गाउँपालिका-५ उरमाखु पाल्टारका २८ वर्षीया एक महिलालाई जवरजस्ती करणी गरेको आरोपमा पक्राउ परेका हुन्।

पक्राउ परेका उनलाई जिल्ला अदालत रामेछापबाट म्याद थप भई हिरासतमा राखेर अनुसन्धान गरिरहेको रामेछाप प्रहरीले जानकारी दिएको छ।

प्रहरीका अनुसार उमाकुण्डकै ६० वर्षीया महिलालाई जवरजस्ती करणी गरेको आरोपमा पक्राउ परेका १५ वर्षीय बालकलाई बाल निग्रानी कक्षमा राखी अनुसन्धान गरिरहेको छ। पछिल्लो समयमा रामेछापमा जवरजस्ती करणीका घटनाहरु बढी रहेको प्रहरीले बताएको छ।


## हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८० को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना।



रामचन्द्र ढकाल
काठमाडौं मा.न.पा ७ नेपाली कांँग्रेस इकाइ समिति सदस्य

## बुढानिलकण्ठ नगरपालिका

बुढानिलकण्ठ, काठमाडौं
बागमति प्रदेश, नेपाल

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| नगर प्रमुख | उप- प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| मिठाराम अधिकारी | अनिता लामा | तुल्सीराम अर्याल |

## कीर्तिपुर नगरपालिका

कीर्तिपुर, काठमाडौं
बागमति प्रदेश, नेपाल

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| नगर प्रमुख | उप- प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| राजकुमार नकर्मी | शुभ लक्ष्मी शाक्य (सुनीता) | लक्ष्मी प्रसाद बास्कोटा |

## रामेछाप नगरपालिका

हाटेचौर, रामेछाप
बागमति प्रदेश, नेपाल

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| नगर प्रमुख | उप- प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| लवश्री न्यौपाने | बाल कुमारी कार्की थापा | मित्र प्रसाद घिमिरे |

## चन्द्रगिरी नगरपालिका

चन्द्रगिरी, काठमाडौं
बागमति प्रदेश, नेपाल

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| नगर प्रमुख | उप- प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| घनस्याम गिरी | बसन्ती श्रेष्ठ | हेमराज अर्याल |

## सूर्यज्योति लाइफ इन्स्योरेन्सको दोश्रो सेल्स कन्भेन्सन भव्यताका साथ सम्पन्न



**सौराहा–** चितवन, सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले देशभरका प्रदेश प्रमुख, क्षेत्रिय प्रमुख, शाखा प्रबन्धक र सेल्स एक्सिक्युटिभहरु सहित करिब २०० भन्दा बढी सहभागीहरुको उपस्थितिमा सौराहाको होटल सेभेन स्टारमा दोश्रो सूर्यज्योति सेल्सकन्भेन्सन भव्यताका साथ सम्पन्न गरेको छ ।

कम्पनीका सञ्चालक समिति अध्यक्ष केशव प्रसाद भटराई, सदस्यहरु नन्दकिसोर शर्मा, हेमन्त नहाटा,विवेक झा, प्रमुख कार्यकारी अधिकृत प्रकाश विक्रम खत्री, वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत पवन कुमार खड्का लगायत उच्च पदाधिकारीहरुको उपस्थितिमा आयोजित उक्त कार्यक्रममा व्यवसाय, अभिकर्ता नियुक्ति र बिमालेखको आधारमा उत्कृष्टता हासिल गर्न सफल हुन भएका देशभरिबाट उत्कृष्ट १० जना ब्रान्चम्यानेजर र १० जना सेल्स एक्जिक्युटिभहरुलाई सम्मान गरिएको थियो ।

उक्त कार्यक्रममा प्रत्येक विधामा सर्वोत्कृष्ट ३ जनालाई अध्यक्षद्वारा ट्रफी तथा सम्मान पत्र हस्तान्तरण गरिएको थियो । उक्त आयोजित दोश्रो सेल्सकन्भेन्सनबाट कम्पनीको हालको अवस्था र आगामी बजार विस्तार योजना र रणनीति सम्बन्धी बृहत ज्ञान प्राप्त गर्ने अवसरले कर्मचारीहरु थप उत्साहित रहेको कुरा सहभागीहरुले जानकारी गराए ।

## सनराइज क्यापिटल लिमिटेको १३ औं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं–** लक्ष्मी सन्राईज बैंकको पूर्ण स्वामित्वमा बैंकको सहायक कम्पनीका रुपमा सचालित सन्राईज क्यापिटल लिमिटेडले आफ्नो १३ औं वार्षिक साधारण सभा मिति २०८०/६/१०गते बुधवारका दिन आफ्नै कार्यालय भवन, कमलपोखरी काठमाडौंमा भव्यताका साथ सम्पन्न गरेको छ ।

वार्षिक साधारण सभामा प्रस्तुत भएका सामान्य प्रस्तावहरुमा आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन, सोही अवधिको आषाढ मसान्तको बासलात,नाफा-नोक्सान हिसाब,नगद प्रवाहविवरण प्रस्तावपारित गरियो तथा आ.व. २०८०/०८१ को लेखापरिक्षण कार्य सम्पन्न गर्न लेखापरिक्षकको नियुक्ती विशेष साधारण सभाबाट गर्ने निर्णय गरियो ।

साथै, आ.व. २०७९/०८० को मुनाफाबाट आफ्ना शेयर होल्डरहरुलाई ३० प्रतिशत (कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव समेत पारित गरियो । सनराईज क्यापिटलले विगत ६ वर्षमा १५० प्रतिशत नगद लाभांश वितरण गर्न सफल भएको छ। कम्पनीले बर्तमान समयमा आफ्नो इन्भेष्टमेन्ट बैंकिङ्ग अन्तर्गत सेवा विस्तारलाई बलियो र गुणस्तर बनाउँदै गएकोमा हालको मिति सम्म ३११ करोड बराबरको तीनवटा म्युचुअल फण्ड संचालन गर्दै आईरहेको र उक्त म्युचुअल फण्ड मध्य सन्राइज फर्स्ट म्युचुअलले आफ्ना चौथौ सञ्चालन वर्ष सम्म ८५ प्रतिशत (कर सहित) नगद लाभांश लगानीकर्तालाई वितरण गरिसकेको छ ।

साथै यस कम्पनीले पोर्टफोलियो व्यवस्थापन सेवा अन्तर्गत २०० भन्दा बढी ग्राहकहरूको ५० करोडभन्दा बढीको पोर्टफोलियो व्यवस्थापन गर्दै उक्त ग्राहकहरुको लागानी उद्धेश्य पूरा गर्न सक्षम व्यवस्थापकको रुपमा स्थापित् भएको छ ।

## सिटी एक्सप्रेसको “विदेशबाट सिटी पठाऔं दश गुणा बढी पाऔं” योजना सार्वजनिक

**काठमाडौं–** सिटी एक्सप्रेस मनी ट्रान्सफरले समस्त नेपालीहरुको महान चाड २०८० सालको दशैं, तिहार र छठ्लाई लक्षित गर्दै आफ्ना ग्राहकवर्गहरुसंग पर्वको खुशी साट्न लगातार ६१ दिन सम्म चल्ने “विदेशबाट सिटी पठाऔं, दश गुणा बढी पाऔं” उपहार योजना घोषणा गरेको छ ।

उक्त कार्यक्रममा र्चिर्चत हास्य कलाकार साथै सिटी एक्सप्रेसका ब्राण्ड एम्बासडर जितु नेपालको उपस्थिती रहेको थियो । सिटी एक्सप्रेसको यो उपहार योजना अन्तर्गत लक्की ड्र मार्फत हरेक महिना १ जनालाई जनही रु १००,००० , हरेक हप्ता ५ जनालाई जनही रु २५,००० साथै ६१ दिन लगातार हरेक दिन १०० जना विजेताहरुलाई जनही रु ५०० को वालेट




टप् अप् र अन्त्यमा एक जना भाग्यशाली बम्पर बिजेताले आफुले पठाएको रकमको १० गुणा बढी रकम पाउने योजनामा रहेको छ ।

कम्पनीका अनुसार यस “विदेशबाट सिटी पठाऔं, दश गुणा बढी पाऔं” अफर असोज १५ देखि मङ्सिर १५ गते सम्म लागू हुनेछ । यो अवधिभरी सिटी एक्सप्रेस मार्फत विदेशबाट पैसा पठाउने सम्पूर्ण सेवाग्राही यो उपहार योजनामा सहभागी हुनेछन् । यस उपहारको विजेता छनौट गर्दा विद्युतीय प्रणालीद्वारा गरिनेछ र यो योजना सिटी एक्सप्रेसमा कार्यरत कुनै पनि कर्मचारीलाई लागु हुने छैन ।

सिटी एक्सप्रेसले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १७ वर्ष देखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ । सिटी एक्सप्रेसका देशभर छरिएर रहेका २५,००० भन्दा बढि भुक्तानी केन्द्रहरु मार्फत छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाईल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरु प्रदान गर्दै आइरहेको उल्लेख गर्ने गरेको छ ।

## ॐ हस्पिटलमा माछापुछ्रे बैंकका कर्मचारी र ग्राहकलाई विशेष छुट

काठमाडौं । ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरमा माछापुच्छ्रे बैंक लिमिटेडका ग्राहक तथा कर्मचारीलाई अस्पतालका सेवा सुविधामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ ।

ॐ हस्पिटलमा आयोजित संक्षिप्त समारोहमा अस्पताल संचालक समितिका अध्यक्ष डा. आनन्द प्रसाद श्रेष्ठको उपस्थितिमा ॐ हस्पिटलका प्रमुख कार्यकारी अधिकृत यम बहादुर महत र माछापुछ्रे निमित्त प्रमुख कार्यकारी अधिकृत विश्वम्भर न्यौपानेले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको छ । समारोहमा ॐ हस्पिटलका तर्फवाट ॐ अस्पतालका शेयरधनी हरि प्रसाद पाठक, मेडिकल डाइरेक्टर हरिश जोशी, मानव संसाधन विभाग प्रमुख लवराज अवस्थी तथा विजनस डेभलोपमेन्ट म्यानेजर विनोद अधिकारीको उपस्थिति थियो ।

माछापुछ्रे बैंकका तर्फवाट चिफ विनजनस अफिसर विनित चन्द्र झा, चिफ डिजिटल बैंकिङ अफिसर माधव सुवेदी , बाग्मती प्रोभिन्स म्यानेजर नरेश प्रधान र चावहिल शाखा प्रवन्धक निरज सिग्देलको उपस्थिति थियो । सम्झौता अनुसार बैंकका सम्पूर्ण ग्राहकहरु, कार्ड प्रयोगकर्ताहरु , कर्मचारीहरु तथा योनो नेपाल एसविआई मोवाइल एप प्रयोगकर्ताले ॐ हस्पिटलमा उपचार सेवा लिँदा अन्तरङ्ग सेवा रेडियोलोजी, प्याथोलोजी, फार्मेसी र फिजियोथेरापी लगायतका सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन ।

नेपालको निजी क्षेत्रवाट सञ्चालित अग्रणी स्वास्थ्य सेवा प्रदायक ॐ अस्पतालले तीन दशक अधिदेखि निरन्तर स्तरिय स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.ले एकै छानामुनी आकस्मिक उपचार देखी सघन उपचार तथा पेन मेडिसिन लगायत अन्य ३७ वटा भन्दा बढी विषयहरुमा विशेषज्ञता सेवा उपलब्ध गराउँदै आईरहेको छ ।

# अर्थ संसार

## ऐतिहासिक शहर कीर्तिपुरमा गरिमा बैंकको १२२ औं शाखा स्थापन

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**काठमाडौं–** गरिमा विकास बैंकले देशको विभिन्न स्थानमा शाखा विस्तार गर्दै आईरहेको छ । आफ्नो शाखा विस्तारको रणनीतिलाई निरन्तरता दिदै बैंकले ऐतिहासिक धरोहर बोकेको कीर्तिपुर, काठमाडौंमा आर्थिक समृद्धि एवं गतिलाई तीव्रता दिने उद्देश्यका साथ आफ्नो १२२औं शाखा कार्यालय सञ्चालन गरेको छ । काठमाडौं उपत्यकाको ऐतिहासिक एवं सुन्दर शहर कीर्तिपुर व्यापारिक दृष्टिकोणले समेत निकै नै महत्वपूर्ण मानिन्छ ।

हालसम्म गरिमा विकास बैंकले नेपालभर १२२ शाखा कार्यालय तथा ५० एटिएम एवं डिजिटल बैकिङ मार्फत सरल, सुरक्षित र गुणस्तरीय बैकिङ सेवा प्रवाह गर्दै आईरहेको छ बताउने गरेको छ । उक्त शाखाहारु मार्फत बैकमा मुस्कान सहितको सेवा प्रवाह गरिरहेको छ ।

## महालक्ष्मी विकास बैंकका ग्राहकहरूलाई विभिन्न संस्थाका सेवाहरूमा छुट




**काठमाडौं–** महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य, श्रृगार र होटल तथा रेष्टुरेन्ट क्षेत्रका संस्थाहरुसँग समन्वय गरी आफ्ना ग्रहकहरुलाई विशेष छुटमा सेवा पाउने सम्झौता गरको छ। सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेविट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन् ।

उक्त संस्थाहरु र प्राप्त गर्न सकिने छुट निम्नलिखित छन :

सुमेरु हस्पिटलको ओपिडी र आईपिडीमा १० प्रतिशत, औषधिमा ५ प्रतिशतले छुट पाउनेछन् । त्यसैगरी यसियन बुद्ध होटल भैरवामा फुड बेभरेजमा १० प्रतिशत र स्पामा २० प्रतिशत छुट सेवा लिन सक्नेछन् । त्यसैगरी मल्ल फेन्सी आबुखैरेनी तनहुमा १० पतिशत छुट सेवा लिन सक्नेछन् । त्यसैगरी अर्को रिशु ब्युटीपालर हेटौडा मकानपुरमा १० प्रतिशत छुट सेवा प्राप्त गर्नेछन् । त्यैगरी ब्युटीफुल कलेक्शन बासबारी काठमामडौमा कबडा आइटममा १० प्रतिशत र ब्याग र जुत्ता आइटममा ५ प्रतिशत छुटको सेवा लिनसक्ने गरी बैकले ति संस्थाहरुसँग सम्झौता गरेको बिज्ञप्तिमा उल्लेख छ ।

**हार्दिक शुभकामना**

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८० को अवसर सम्पुर्ण देश–बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

रामचन्द्र बस्नेत
गोकुलगंगा गाउँपालिका
४ नं. वडा अध्यक्ष

**टोखा नगरपालिका**
धापासी, काठमाडौं
बागमति प्रदेश, नेपाल

**सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख — प्रकाश अधिकारी
उप– प्रमुख — मुरारी तामांग
प्रमुख प्रशासकीय अधिकृत — शेर बहादुर बि. सी.

**शंखरापुर नगरपालिका**
साँखु, काठमाडौं
बागमति प्रदेश, नेपाल

**सूचना**

